# उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्ने कार्य विधिहरु २०७४

१. योजना/कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी उनीहरुको आम भेला बोलाई योजना स्थलमा नै सातदेखि एघार जनासम्मको उ.स. गठन गर्नुपर्नेछ । सो समितिमा पदाधिकारी सदस्यले स्था.ना.प्र.पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२. उ.स. गठन गर्दाको भेला वडा अध्यक्ष/वडा सदस्यको अध्यक्षतामा गठन गर्नु पर्नेछ । उ.स.मा बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की बेरुजु भएको व्यक्तिहरु, निर्वाचित जनप्रतिनिधिहरु, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्तिहरु, नैतिक पतन भएका व्यक्तिहरु, नैतिक पतन हुने फौजदारी अभियोग सजाय पाई ३ वर्ष ननाघेका व्यक्तिहरु उ.स.मा बस्न पाउने छैनन् साथै वडाको वडा सचिव, सा.प., प्रा.स. उक्त भेलाको सदस्य सचिव भै काम गर्नु पर्नेछ ।

३. उ.स.मा ३३% प्रतिशत महिला अनिवार्य हुन पर्नेछ । अध्यक्ष/सचिव/कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनु पर्नेछ । सकेसम्म उ.स.का सबै पदाधिकारीहरु साक्षर हुनु पर्नेछ ।

४. एकासगोलका व्यक्तिहरु एउटै उ.स.मा बस्न पाईने छैन र एकै समयम एकभन्दा बढी उ.स.मा बस्न पाईने छैन । बसेमा निजलाई सबै उ.स.बाट हटाईने छ ।

५. मापदण्ड विपरित उ.स. गठन भएमा गठन गर्ने/गराउने व्यक्ति समेत कारबाहीको भागी हुनेछ ।

६. उ.स. सर्वसम्मतीबाट गठन गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा वडा समितिले उ.स. गठन गरी पठाउनु पर्नेछ । वडा समितिको निर्णय अन्तिम हुनेछ ।

७. माथि उल्लेखित विधि अनुसार उ.स. गठन हुन नसकेमा वडा कार्यालयबाटै सहजीकरण गर्नु पर्नेछ । यसरी सहजीकरण गर्दा समेत उ.स. गठन हुन नसकेमा ७ दिनको सूचना टाँस गरी उ.स.गठन गर्न वडा समितिले सार्वजनिक सूचना टाँस गर्नेछ । यसरी पनि उ.स. गठन हुन नसकेमा अन्य वैकल्पिक माध्यमबाट योजना संचालन गर्न सकिनेछ ।

८. सम्झौता हुन पूर्व कार्य सम्पन्न गरेको भनी भुक्तानी माँग गरिएका कार्यक्रम/योजनाहरुको र आ.व.को अन्तमा काम भैसकेको देखाई पछि काम गर्ने गरी आएको उ.स.लाई रकम भुक्तानी दिइने छैन । स्वीकृत कार्यक्रम अनुसार उ.स. गठन, सम्झौता भई ल.ई. अनुसारको कामको मात्र भुक्तानी हुनेछ ।

९. उ.स.का सदस्य बाहेक योजनाबाट प्रत्यक्ष लाभ हुने घरपरिवारहरु मध्येबाट २ जना महिला सहित ५ जनाको अनुगमन समिति गठन गर्नुपर्नेछ ।

१०. योजना/कार्यक्रममा पेश्की दिने कार्यलाई निरुत्साहित गरी सम्झौता बमोजिम कामको आधारमा भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिंदा उ.स. मार्फत संचालन गरिएको योजनाको अनुगमन समितिको सिफारिस र सार्वजनिक लेखा परिक्षण प्रतिवेदन विना अन्तिम भुक्तानी दिइने छैन ।

१२. स्थानीय तहमा योजना/कार्यक्रम स्वीकृत भएको हुनुपर्नेछ ।

१३. उपभोक्ता मार्फत गरिने योजना/कार्यक्रम सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्नेछ ।

१४. उपभोक्ता समिति गठनका लागि गा.पा.बाट पत्रचार भई सकेपछि वडा अध्यक्ष/वडा सदस्यको अध्यक्षतामा उ.स. गठन गरी सम्झौताको लागि सम्वन्धित कार्यालयमा जानुपर्नेछ ।

१५. योजना/कार्यक्रमको लगत इस्टिमेट अग्रिम तयार भई स्वीकृत भएको हुन पर्नेछ । जसमा डिजाइन, ल.ई., स्पेशिफिकेशन तथा दिगोपन सम्वन्धि न्यूनतम शर्त पुरा हुन पर्नेछ ।

१६. चालु वर्ष २०७४/७५ को हकमा स्थानीय तहको गाउँ सभाबाट स्वीकृत भएको २ महिनाभित्र स्वीकृत योजना/कार्यक्रमको सर्भे ल.ई. डिजाइन तयार गरी विनियोजित बजेटको सिमा हेरी ठेक्कापट्टा वा उ.स. मार्फत गराउने योजना/कार्यक्रमको उ.स. गठन तथा बोलपत्र सम्वन्धि प्रक्रिया पुरा गराई सक्नु पर्नेछ ।

१७. विषयगत कार्यालय र साझेदारी संस्था मार्फत कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिनु पर्नेछ ।

१८. कार्यक्रम कार्यान्वयन गर्दा उ.स.ले आम्दानी खर्चलाई बैङ्किङ प्रणालीबाट संचालन गर्नुपर्नेछ । योजनाको गा.पा. तथा बैंक रहेको दुरीलाई विचार गरी पचास हजारसम्मको लागत अनुमान भएको योजना/कार्यक्रमको सिधै भुक्तानी गर्न सकिनेछ ।

१९. योजनाको ल.ई. अनुसारको निर्माण सामग्री समयमै स्वीकृत खरिद योजना अनुसार नै उ.स./योजना कार्यान्वयन गर्ने निकाय वा स्थानीय तहबाटै खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२०. योजना सम्झौता गरिएको समय भित्रै सम्पन्न गराउनु पर्नेछ । क्रमागत योजनाहरुमा समेत तोकिएको कार्य तोकिएको समयभित्रै सम्पन्न गर्नुपर्नेछ । १ पटकको लागि आ.व.को अवस्था हेरी १ महिनासम्म थप समयको माग गर्न सक्नेछ तर आ.व. को अन्तिम अवस्थामा यो सुविधा प्राप्त हुने छैन ।

२१. योजना संचालन सम्वन्धि संस्था, समुह, उ.स.ले कार्य शुरु गर्नु अगावै गा.पा. वडाको प्रतिनिधि सहित बैठक बस्ने, कामको अवस्था हेरी रनिङ्ग विल लिने समयमा र अन्तमा सार्वजनिक लेखा परिक्षण अनिवार्य गर्नु पर्नेछ ।

२२. जानी जानी वा लापरवाहीका कारण तोकिएको समयमा योजना/कार्यक्रम सम्पन्न नभए सो सम्झौता भंग गरी अर्को व्यवस्था मिलाइनेछ ।

२३. स्थानीय तहबाट संचालन हुने ३ लाखभन्दा माथिका योजनाको आयोजना लगत खाता राख्नु पर्नेछ ।

२४. ३५ लाखसम्मका योजना उ.स.मार्फत गर्न व्यवस्था मिलाउन प्राथमिकता दिनु पर्नेछ ।

२५. योजना स्वीकृति भएको छ भनी आफैं उ.स. गठन गरी कार्यान्वयन गरे गराएमा सो गर्ने गराउने पक्ष नै जिम्मेवार हुनु पर्नेछ । यसमा स्थानीय तह जिम्मेवार हुने छैन र यसमा पर्न गएको क्षति तथा त्यसबाट पर्ने नकारात्मक असर सोही गराउने पक्षले नै व्यहोर्ने छ ।

२६. ल.ई. नक्सा डिजाइन स्थानीय तहमा सम्वद्ध प्राविधिक कर्मचारी (ईन्जिनिरयर, सव इन्जिनियर, अ.स.ई) बाट चेक गराई स्वीकृत गराउनु पर्नेछ ।

२७. ल.ई. तथा (डिजाइन नक्सा) समेत नेपाली भाषामा सबैले बुझ्ने गरी गर्नु पर्नेछ र दररेट विश्लेषण संलग्न रहनु पर्नेछ । ल.ई. जिल्ला दररेट वा स्थानीय तहले तोकेको दररेट र स्थानीय श्रोत साधनलाई चलन चल्तीको दर रेट प्रमाणित भएमा सोही दररेटलाई आधार मानी ल.ई. गर्नु पर्नेछ ।

२८. तोकिएको काम भन्दा बढी पार्ने वा काम नै नगरी वा एउटा आईटमको सट्टा अर्को आईटम पुरा गरेको ल.ई. भन्दा बढी रकम माग्ने उ.स.लाई भुक्तानी दिइने छैन र सो योजना/कार्यक्रम भएको भनी मूल्याङ्कन वा प्रमाणित गर्ने सम्वन्धित प्राविधिक तथा संलग्न कर्मचारीलाई समेत कारवाही गरिने छ ।

२९. उ.स.गठन भै आएको १५ दिनभित्र उ.स.का पदाधिकारी तथा सदस्यहरुलाई योजना संचालन सम्वन्धि तालिम दिइने छ ।

३०. मेशिन प्रयोग गरी गरिएको कामको जनश्रमको इस्टिमेट र मूल्याङ्कन पेश गरेको पाईएमा सो गर्ने गराउने उ.स. र कर्मचारी समेतलाई कारवाही हुनेछ ।

३१. रु. ३ लाख भन्दा माथिको योजनाको सूचना बोर्ड योजना संझौता भएको मितिले १५ दिनभित्र योजना स्थलमा राख्नु पर्नेछ ।

**मिति २०७४/०६/२१ गतेको गाउँपालिकाको बैठकबाट निर्धारित दर/रेट**

(क) व्याक-हु लोडर सञ्चालनको दर/रेट (तेल र डोजर अपरेटर खर्च सहित)

१. नामेटार र लाफागाउँमा रु.२७००।० प्रति घण्टा (वडा नं १ र ३)

२. मुर्कुचीमा रु.२५००।० प्रति घण्टा (वडा नं ७)

३. वडा २,४,५,६ र ८ मा रु.२६००।० प्रति घण्टा

(ख) एस्काभेटर २१०, २२० सोनी, कामात्सु हुण्डाई कम्पनीको भए तेल र अपरेटर खर्च सहित

१. रौतामाईको वडा नं ७ मा प्रयोग गर्दा ४७००।० र बाँकी वडामा प्रयोग गर्दा रु.५२००।० लागू हुनेछ

२. एस्काभेटर J.C.B. कम्पनीको हुन गए रौतामाईको वडा नं ७ मा रु. ४५००।० र बाँकी वडाहरुमा रु ४९००।० लागु हुनेछ ।

३. ब्रेकर प्रयोग गर्नुपरे उल्लेखित मेशिनवालाबाट उपलब्ध गराउने र त्यसको थप रु.१५००।० दिइनेछ ।

स्टीमेट नभएको योजनामा मेसिनलाई प्रति घण्टाका दरले माटो खन्ने र पुर्ने कार्य गर्दा लक्ष्य अनुसार का गर्न सकिने हुँदा रु.१०,००,०००।० भन्दा माथिका योजनामा यो कार्य विधि लागू गरिनेछ । यस्ता कार्य गर्न प्राविधिकबाट टिपिकल ड्रविङ र स्टीमेटको आवश्यक पर्ने हुँदा प्राविधिक टिपिकल डिजाईन पालना गर्ने र यस्तो योजना प्राविधिकबाट अवलोकन गरी टिपिकल डिजाइन रिपोर्ट बनाउन जरुरी छ ।

टिपिकल डिजाइन (Typical Drawing and design)

१. उस्तै प्रकारको कामको लागि दिइने Drawing design

२. माटो कटानमा ध्यान पुरयाउने कार्य, कटानमा Slope को निर्धारण, पहिरो आउने सम्भावना घटाउने तरिका, काटेको माटोको उचित व्यवस्थापन आदि ।

३. Typical Drawing and design ले कामको सिमाना पहिचान गर्छ ।

४. मेशिन प्रयोग गरिएकोमा उ.स.ले मेशिनका ख्ब्त विल अनिवार्य पेश गर्नु पर्नेछ ।

५. मेशिन प्रयोग भएको आयोजनामा प्रयोग गरिएको मेशिन १०,०००।० (दश हजार) घण्टा भन्दा बढी प्रयोग गरिएको भएमा माथि उल्लेख भएको भाडामा रु.२००।० कम भाडा तय गरिएको छ ।

**योजना सम्झौता गर्न चाहिने कागजात**

- वडा अध्यक्षको रोहवरमा समिति गठनको निर्णयको प्रतिलिपी
- समिति पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- सम्वन्धित वडाको सम्झौताको लागि सक्कल सिफारिस पत्र
- योजना सम्झौताको निवेदन

**उपभोक्ता समितिले ध्यान दिनुपर्ने कुरा**

- सम्झौता भएपछि १ प्रति सम्झौता पत्र र स्टीमेटको प्रतिलिपी लिई राख्ने र अध्ययन गर्ने ।
- सम्झौता अनुसार स्टीमेट, डिजाइन, ड्रइङ्ग तथा स्पेसिफिकेशन सम्वन्धित प्राविधिकबाट राम्ररी बुझी सोही अनुसार काम गर्ने ।
- काम गर्दा प्राविधिक समस्या वा कुनै रोकावटका समस्या आएमा  सम्वन्धित प्राविधिकलाई तुरुन्त मौखिक जानकारी दिने तथा लिखित जानकारी कार्यालयमा दिने ।
- योजना शुरु हुनुपूर्वको फोटो, काम हुँदै गर्दाको फोटो र काम सम्पन्न भएपछिको फोटो खिची राख्ने र फाइलिङ्ग गरी सम्वन्धित कार्यालयमा बुझाउने ।

**रनिङ्ग विल तथा अन्तिम विल पेश गर्दा चाहिने कागजात**

- उ.स.को रनिङ्ग विल/अन्तिम विलको रकम भुक्तानी पाउँ भनी निवेदन
- उ.स.को रनिङ्ग विल/अन्तिम विल पाउनेको लागि खर्चको विवण सहितको निर्णय प्रतिलिपी
- स्टीमेट अनुसार काम सम्पन्न भएको हुँदा रकम निकासाको लागि भनी अनुगमन समितिको सिफारिसको निर्णयको प्रतिलिपी
- काम शुरु हुँदाको फोटो, सम्पन्न भएपछिको फोटो
- सम्वन्धित योजनाको सार्वजनिक परिक्षण गरेको प्रतिवेदन
- काम सम्पन्न भएको हुँदा रकम निकासाको लागि भनी सम्वन्धित वडाको सिफारिस
- प्राविधिक मूल्यांकन विल

- गाउँपालिकाले तय गरेको मेशिनको न्यूनतम दररेटमा समितिबाट सूचना गरी घटी आउनेलाई प्रति घण्टाको दरमा काम दिने पहिलो मिटर गा.पा.ले खटाएको अध्यक्ष वा कर्मचारीलाई प्रमाणित गराई काम शुरु गराउने र अन्तिम कामको घण्टा पनि गा.पा.बाट प्रमाणित गराउनु पर्नेछ ।
- मेशिनलाई घटाघट गरे दर रेट अनुसारको प्रति घण्टा दर अनुसार समितिसँग गा.पा.ले सम्झौता गर्न सक्नेछ र सो अनुसारको भुक्तानी गा.पा.बाट दिन सकिनेछ ।
- योजना अनुगमन गर्दा लागत अनुमान र सम्पन्न भएको कामलाई हेरिनुका साथै मेशिन प्रयोग भएको काममा विनियोजित रकम र मेशिन प्रयोग भएको घण्टालाई तुलना गरी हेरिनेछ । शुरुमा पेश्की दिइने छैन । कामको मूल्यांकन गरी रनिङ्ग विल दिइनेछ ।